**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-४४)**

मितिः २०८१/०६/०७ गते

प्रारम्भ: बिहान १० : ०० बजे

समाप्त: दिनको १२ :३० बजे

## छलफल तथा निर्णय

आज मिति २०८१/०६/०७ गते बसेको समितिको बैठकमा "राज्यको मूलप्रवाहमा आउन नसकेका समुदाय तथा जातजातिको अवस्था सम्बन्धमा" र "विविध विषय" मा छलफल भयो । छलफलमा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी र अन्य प्रतिनिधिहरुले वि.सं. २०७८ सालको पछिल्लो जनगणनाका आधारमा विभिन्न समुदाय र जातजातिको अवस्थाका सम्बन्धमा तथ्याङ्क सहित आ-आफ्नो धारणा राख्नु भएको थियो । तत्पश्चात् समितिका माननीय सदस्यहरुले सो विषयउपर विभिन्न जिज्ञासा राख्नु भएको र जिज्ञासालाई सम्बन्धित व्यक्तिहरुले प्रष्ट पार्नु भएको थियो ।

तत्पश्चात रौतहट जिल्लामा सामाजिक कुरीति (जस्तै - बोक्सी र दाइजो प्रथा) रोकथाम सम्बन्धमा यू.एन.डि.पी.(पी.एस.पी.) को सहकार्यमा समितिले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा छलफल भयो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका लागि उपयुक्त समयमा समितिबाट देहाय बमोजिमका माननीय सदस्यहरु जाने निर्णय भयो:

१) मा. किरण कुमार साह - सभापति,
२) मा. जावेदा खातुन जागा - सदस्य,
३) मा. बिना देवी - सदस्य,
४) मा. विन्दबासिनी कांसकार - सदस्य,
५) मा. शान्ती श्रेष्ठ - सदस्य,
६) मा. सुशिला सिर्पाली ठकुरी - सदस्य ।

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गरियो।

| | |
|---|---|
| .................. | .......................... |
| (इन्द्रविलास पौडेल) | (मा. किरण कुमार साह) |
| समिति-सचिव | सभापति |